# नेपाल सरकारको वार्ता टोली र जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी (भगत सिंह) बीच भएको सहमति

मिति २०६८ फागुन १३ गते भएको सहमति

१. जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी (भगत सिंह) शान्ति र संविधान प्रति प्रतिबद्ध रहदै शान्तिपूर्ण राजनीतिमा आउने प्रतिबद्धता ब्यक्त गर्दछ र नेपाल सरकारबाट पनि पार्टीलाई राजनीतिक ब्यवहार गर्ने सहमति गरियो ।

२. वार्ता अवधिभर उक्त पार्टीका वार्ता टोली संयोजक, प्रवक्ता तथा सदस्यहरुलाई सुरक्षाको प्रत्याभुति गर्ने सहमति गरियो ।

३. उक्त पार्टीसंग भएका सम्पूर्ण हातहतियार आपसी सहमतिमा तय गरिने आगामी वार्तामा पार्टीले नेपाल सरकारलाई हस्तान्तरण गर्ने सहमति गरियो ।

४. जेल तथा हिरासतमा रहेका उक्त पार्टीका नेता तथा कार्यकर्ताहरुको नाम नामेसी सहितको विवरण आगामी वार्तामा पेश गर्ने र प्राप्त विवरण बमोजिम नियमानुसार मुद्दा फिर्ता र वन्दी, थुनुवा रिहाई सम्बन्धी प्रक्रिया नेपाल सरकारबाट यथाशिघ्र आरम्भ गर्ने सहमति गरियो ।

५. अव उप्रान्त कानूनद्वारा निषेध गरिएका कुनै पनि सशस्त्र गतिविधिहरु पार्टीले नगर्ने । कहिं कतै त्यस्तो गतिविधि भएमा सो को जिम्मेवारी उक्त पार्टीले नलिने र त्यस्ता गतिविधिहरुउपर नेपाल सरकारले प्रचलित कानून बमोजिम कारबाही गर्ने सहमति गरियो ।

६. दुवै पक्षको अनुकुलतामा मिति र स्थान तय गरी यथाशिघ्र अर्को वार्ता गर्ने सहमति गरियो ।

**जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी**
**(भगत सिंह) को तर्फबाट :**

संयोजक, प्रह्लाद महरा (तुफान सिंह)
प्रवक्ता, वब्लु खान (सिकन्दर वागी)
सदस्य उमेश यादव (पवन सिंह)
सदस्य, कामेश्वर सिंह (अभय सिंह)
सदस्य, मनोज मंडल (सुवास)

**नेपाल सरकारको तर्फबाट :**

सत्य पहाडी
संयोजक
सरकारी वार्ता समिति एवं
मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय

राजलाल यादव
सदस्य
सरकारी वार्ता समिति एवं
मन्त्री, नेपाल सरकार

This document was created using SmartPDFCreator
To remove this message purchase the product at www.SmartPDFCreator.com